# संघीय संसद
# प्रतिनिधि सभा
# अर्थ समिति

मिति: २०८१/१०/०२
बैठक संख्या: ५२
समय: बिहान ११:०० बजे।

छलफल र निर्णय

१. आजको बैठकमा पहिलो सत्र अन्तर्गत प्रतिनिधि सभाबाट दफावार छलफलका लागि समितिमा प्राप्त भन्सार सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकमा समितिका माननीय सदस्य एवं भन्सार एजेन्ट प्रतिनिधिसंघ र भन्सार एजेन्टहरुसँग छलफल भयो।

२. बैठकको दोस्रो सत्रमा समितिमा प्राप्त उजुरी माथी छलफल गर्दा देहाय बमोजिमको निर्णय भयो

क. समितिमा मिति २०८१/०७/२५ गते प्राप्त Reliance Spinning Mills Ltd का तर्फबाट कम्पनी सचिव श्री रविन्द्र बस्नेतले दिनु भएको निवेदन र प्राप्त कागजात माथी छलफल गर्दा सम्मानित उच्च अदालत पाटनले रिट नं. ०८०-WO-२९७२ का सम्बन्धमा मिति २०८१ साउन १४ गते जारी गरेको आदेश "मिति २०८१/०३/२६ मा जारी भएको अल्पकालीन अन्तरिम आदेशलाई निरन्तरता दिईरहन परेन" कार्यान्वयन गर्न नेपाल धितोपत्र बोर्डलाई निर्देशन दिने।

ख. समितिमा मिति २०८१/०९/२५ गते प्राप्त श्री दामोदर खड्काको निवेदनका विषयमा अध्ययन गर्दा सम्बन्धित संस्था क्यापिटल मर्चेन्ट बैंकिङ एण्ड फाइनान्स लिमिटेडले आ.व. २०६७/६८ देखि वार्षिक साधारणसभा सम्पन्न नगरेको देखिएको र नेपाल राष्ट्र बैंकले मिति २०८१/०९/२५ को पत्रसंख्या वि.सं.सु.वि./०८१/८५ च.नं. १८५ को पत्रबाट विभिन्न निर्देशनसहित ती आर्थिक वर्षका वित्तीय विवरणहरू प्रकाशन गर्न सहमति दिएको

देखिएकोले नेपाल राष्ट्र बैंकले दिएका निर्देशनहरूको पूर्ण परिपालना गर्दै यथाशीघ्र वार्षिक साधारणसभा सम्पन्न गर्न र साधारण सभा गर्नु अगाडी साधारण सभालाई प्रतिकूल असर गर्ने गरी कुनै पनि कार्य नगर्न र नगराउनु हुन क्यापिटल मर्चेन्ट बैंकिङ एण्ड फाइनान्स लिमिटेडलाई निर्देशन दिने।

३. अर्को बैठक २०८१।१०।०३ गते बिहान ११:०० बजे विषय विज्ञहरुसँग भन्सार सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकमा छलफल गर्न बस्ने गरी आजको बैठक स्थगित भयो।

..............................
रेखा उपाध्याय खनाल
समित सचिव

..............................
सन्तोष चालिसे
सभापति